नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७/७८ चौतारा

# प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका यस जिल्लाभित्र उच्च सावधानी अपनाई नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सवैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी श्री अरुण पोखरेलज्यूको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको व्यहोरा अनुरोध छ।

**क. संचालन गर्न नपाईने कार्यहरु:**

१. सभा,सम्मेलन, व्यवसाय तथा नित्य पूजाको हकमाः-

क. सवै प्रकारका सभा, सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, मनोरञ्जन स्थल,हेल्थक्लव, जिमखाना, फुटसल, पुस्तकालय, रंगशालामा हुने दर्शक सहिको खेलकुद र मानिसहरुको भिडभाड हुने सवै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने ।

ख. खुला स्थानमा मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोज भतेर, पुराण वाचन आदि गर्न गराउन नपाइने ।

**२. सार्वजनिक सवारी साधनहरुको हकमाः**

क. मिति २०७८/०३/२३ गतेदेखि जिल्लाभित्र सार्वजनिक यातायातका साधनहरु र निजी सवारी साधनहरु देहायको मापदण्डहरु पालना गरी सञ्चालन गर्न सकिने ।

- कुल स्विकृत सिट क्षमता भन्दा बढी यात्रु राख्न नपाइने ।
- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने ।
- मास्क नलगाउने यात्रुहरुलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
- चालक र सहचालकले अनिवार्य मास्क, पञ्जा जस्ता सुरक्षा कवज प्रयोग गर्नुपर्ने ।
- सवारी साधनको ढोकामा अनिवार्य स्यानीटाइजरको व्यवस्था हुनुपर्ने ।
- अनिवार्यरुपमा सवारी साधन दैनिक निसंक्रमित गर्नुपर्ने ।

**ख. सञ्चालन गर्न सकिने कार्यहरु**

१. सर्वसाधारणको आवतजावतको हकमाः

क. घरवाट बाहिर निस्किदा दुई व्यक्तिवीच कम्तीमा २ मिटरको भौतिक दुरी कायम राख्ने। अनिवार्य रुपले मास्कको प्रयोग गर्ने । पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने । जनस्वास्थ्यका मापदण्ड पूर्वरुपले पालना गर्ने ।

**३. शैक्षिक संस्था, कृषि, उद्योग तथा निर्माण कार्यको हकमाः-**

क. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, तालिम केन्द्र) ले अनलाइन तथा भर्चुअल माध्यमवाट पठनपाठन कार्यहरु सञ्चालन गर्न सक्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र संख्या प्र.०७७/७८

चौतारा

ख. विभिन्न निकायबाट पूर्व निर्धारित सबै किसिमका लिखित तथा प्रयोगात्मक परीक्षाहरु देहाय बमोजिम शर्तहरु पालना गरी संचालन गर्ने ।

- परीक्षा संचालन हुने कुनै एक स्थान हल तथा कोठाको आकार अनुसार २५ जना भन्दा बढी मानिसहरु भेला जम्मा नहुने गरी परिक्षा संचालन गर्ने ।
- एकै दिनमा २५ जना भन्दा बढी मानिस जम्मा हुने अवस्था भएमा Shiftwise परीक्षा संचालन गरी परीक्षार्थीहरु हलमा प्रवेश गर्नुपूर्व र परिक्षा समाप्त भएपश्चात नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको भौतिक दुरी कायम हुने व्यवस्था मिलाउने ।
- एउटा Shift का सबै व्यक्तिहरु परिक्षास्थलबाट पूर्णरुपमा बाहिरिए पछिमात्र अर्को Shift सँग सम्बन्धित व्यक्तिहरु प्रवेश गर्न मिल्ने गरी फरक समय राख्ने ।
- परिक्षा संचालनको क्रममा जनस्वास्थ्यका मापदण्डहरुको अनिवार्य पालना गरी मास्क तथा सेनिटाइजरको उचित प्रयोग गर्नुका साथै प्रत्येक Shift मा परिक्षा हल अनिवार्यरुपमा निसंक्रमित गर्ने ।
- गोष्ठी, तालिम, सेमिनार, बैठक, समिक्षा, प्रशिक्षण जस्ता क्रियाकलापहरु भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्डको पुर्णरुपमा पालना गरी संचालन गर्ने।

ग. उद्योग तथा कलकारखाना र सार्वजनिक तथा निजी निर्माण कार्य संचालन गर्दा स्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

घ. कृषि कार्यमा संलग्न व्यक्तिहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी मल, बीउ, अन्य कृषि औजार ओसारपसार खरिद तथा प्रयोग गर्न सकिने ।

**४. औषधी, भेटेनरी औषधी तथा स्वास्थ्य सामग्री, अत्यावश्यक खाद्य सामग्री तथा अन्य व्यापार व्यवसायको हकमा:**

क. औषधी तथा स्वास्थ्य सामग्री सम्वन्धी पसल जुनसुकै समयमा स्वास्थ्य मापदण्ड पालना गरी निर्वाध रुपमा सञ्चालन गर्ने ।

ख. खाद्यान्न, दुध तथा दुग्धजन्य पदार्थ, फलफूल, तरकारी, माछा मासु, पुजा सामग्री बिक्री वितरण गर्ने पसलहरु, खेलकुद सामग्री पसल, स्टेशनरी/पुस्तक पसलहरु जनस्वास्थ्यको मापदण्ड पालना गरी संचालन गर्न पाउने ।

ग. जनस्वास्थ्यको मापदण्ड पालना गरी कपडा, जुत्ता, फेन्सी, कस्मेटिक, साडी, गिफ्ट आइटम, टेलरिङ्ग संचालन गर्ने ।

घ. जनस्वास्थ्यको मापदण्ड पालना गरी सुनपसल, भाँडा, भान्साजन्य विद्युतिय घरायसी सामग्री, अटोमोवाइल पार्टस पसल, इलेक्ट्रोनिक पसल,(मोबाइल तथा कम्प्युटर पसल) संचालन गर्ने ।

ङ. निर्माणजन्य सामग्रीको पसल (हार्डवेयर पसल, बिजुलीको सामान, स्यानीटरी पसल, टायल, मार्वल, फर्निचर, कार्पेटिङ ) जनस्वास्थ्यको मापदण्ड पालना गरी संचालन गर्न पाउने।

च. पसल तथा व्यवसाय संचालन गर्दा कम्तिमा २ मिटरको भौतिक दूरी कायम गर्ने अनिवार्य रुपमा स्यानीटाइजरको व्यवस्था गर्ने र स्वास्थ्य मापदण्ड पालना गर्ने। यदि तोकेबमोजिम स्वास्थ्य मापदण्ड परिपालना नगरेको अनुगमनको क्रममा भेटिएमा पसल तथा व्यवसाय तत्काल बन्द गराउन सकिने ।

छ. सवारी साधन मर्मतका वर्कशपहरु २४ सै घण्टा सञ्चालन गर्न सकिने ।

(२)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७/७८ चौतारा

५. बिवाह तथा ब्रतवन्धको हकमा

क. बिवाह तथा ब्रतवन्धको हकमा बढीमा २५ जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा वसेको स्थानमा मात्र गर्ने ।

ख. बिवाह वा ब्रतवन्धको हकमा २ वटा सवारी साधन (वेहुला वेहुली समेत ) प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्ने ।

६. उल्लिखित आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यसको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गरिनेछ ।

मितिः- २०७८/०३/३१

(बाबुराम खनाल)
सहायक प्रमुख जिल्ला अधिकारी